# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पुचौंडी नगरपालिका

### बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पुचौंडी नगरपालिका
### बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पुचौंडी नगरपालिका

बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दैं विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५७१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
पुचौंडी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **पुचौंडी नगरपालिकाको** आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड १ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये रु. २ लाख ६४ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ७९ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख ३३ हजार र पेश्की रू. १ करोड ५ लाख ४० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १२ करोड ४१ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड ७२ लाख ३१ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

पुचौंडी नगरपालिका, बैतडी

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८९ | १३१ | ५०१९५ | ० | ८ | २६४ | ८९ | १२३ | ४९९३० | ९२५ | ५३३ | ३७९३२ | ० | ० | ३८४६५ | १०५४० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५१.३ | प्रशिक्षण भत्ता | ५६९५ |
| २ | ५१.५ | स्थानीय भत्ता | १३४६ |
| ३ | १९.१२ | सिकाई केन्द्र बढी भुक्तानी | २४००० |
| ४ | ४७.२ | धरौटी कर कट्टी | २२९९६७ |
| ५ | ५४ | अग्रिम कर कट्टी | ३५९७ |
| | | जम्मा | २६४६०५ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पुचौंडी नगरपालिका बैतडी | १२४११७ | ० | ३६८१६ | ८७३०१ | ० | ४९९३० | १३७२३१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पुचौंडी नगरपालिका, बैतडी , पुचौंडी नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bir Bahadur Nepali | २०७७-११-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dal Bahadur Dhami | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४९,९३०,०५१.८२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,०५,४७,२८८.९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,७१,६८,००० | **चालु खर्च** | ४३,८०,५३,०८८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६८,९१,००० | **पूँजीगत खर्च** | १९,४८,५२,१२० |
| **राजश्व बाँडफाँट** | १०,९१,२०,१२८.२९ | **वित्तीय/अन्य व्यवस्था** | २४,४२,६५,५२७.६९ |
| **आन्तरिक आय** | ६२,९५,९२३.०६ | | |
| **अन्य आय** | २१,५८,८१,९१४.५ | | |
| **कुल आय** | ८७,५३,५६,९६५.८५ | **कुल खर्च** | ८७,७१,७०,७३५.६९ |
| **बाँकी मौज्दात** | | १,८७,३३,५१९.०६ | |

| क्रम | भौचर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | नम्बर | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, १९८.५२ वर्गकिलोमिटर क्षेत्रफल तथा ४१२४४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षण गरी व्यवस्थापनसँग मिति २०७९।५।११ मा छलफल सम्पन्न भएको छ । लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्न छन् | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ३.१ | | | **आन्तरिकनियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>• अधुरा आयोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन,<br>• बैक हिसाव मिलान गरेको देखिएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाले आर्थिक बर्ष २०७८।७९को आन्तरिक लेखापरीक्षण गराएको छैन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरबन्दी रिक्त रहेको पाईयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले उपर्युक्त अनुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३.२ | | | **बेरुजु लगत**ः यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ३.३ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. ९०३ मा राखेको देखिएन,<br>२. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ,<br>३ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको,<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |

<table>
<tr><td>३.४</td><td></td><td></td><td>म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>३.५</td><td></td><td></td><td>भ्रमण अभिलेख : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br>• म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता<br>अनुदान फिर्ता –संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>३७०४६८०००।००</td><td>३३९१४६६३६।००</td><td>३१३२१३६४।००</td></tr>
<tr><td></td><td>विषेश</td><td>१६६०००००।००</td><td>१२१४६४३८।००</td><td>४४५३५६२।००</td></tr>
<tr><td></td><td>समपुरक</td><td>५८०००००।००</td><td>५२७१८००।००</td><td>५२८२००।००</td></tr>
<tr><td></td><td>अन्य</td><td>०।००</td><td>०।००</td><td>०।००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>५५१६०००।००</td><td>४९३७४२३।००</td><td>५७८५७७।००</td></tr>
<tr><td></td><td>विषेश</td><td>५००००००।००</td><td>३६०००००।००</td><td>१४०००००।००</td></tr>
</table></td><td>३,०६३,५४०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>समपुरक</td><td>७४७६०००।००</td><td>७४७६०००।००</td><td>०।००</td></tr>
<tr><td></td><td>अन्य</td><td>०।००</td><td>०</td><td>०।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४१०४६००००</td><td>३७४६२६१३५</td><td>३८२८१७०३।००</td></tr>
</table>
कार्यालयले उपलब्ध गराएको म.ले.प.फा.न.२७२ भिडान परिक्षण गर्दा रू ३,८२,८१,७०३।०० फिर्ता गर्नु पर्ने देखाएकोमा मिति २०७९।३।३१(२०२२।७।१५)मा रू ३,५२,१८,१४०।००फिर्ता गरेको भौचर राखेको देखिन्छ भने रू ३०,६३,५६३।००संचितकोष फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४.१</td><td>फिर्ता प्रमाण पेश गर्नु पर्ने</td><td>३०,६३,५४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>खर्च बिश्लेषण – पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ६२,९५,९२३।००राजस्व बाँडफाँड र अनुदानबाट रु ६६,००,७९,१२८।३५ समेत रु ६६,६३,७५,०५१।३५आम्दानी भएकोमा चालु तर्फ रु ४३,८०,५३,०८८।००र पूँजिगत तर्फ रु १९,४८,५२,१२० समेत रु ६३,२९,०५,२०८।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू ९८,५५,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १५६.५३ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.२० प्रतिशत चालु रू ३०.७८-प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च- आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७को को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td></tr>
<tr><td>प्रथमचौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसोचौमासिक</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | पूंजीगत खर्च | १९४९२८ | ९१८२ | ४०१४० | १४५६०५ |
| | | | | कूल खर्चः | १९४९२८ | ९१८२ | ४०१४० | १४५६०५ |
| | | | | खर्च प्रतिशत | १०० | ४.१७ | २०.५२ | ७४.६९ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ७४.६९ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो

५.३

**योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष नगरपालिकाबाट संचालन भएका योजनाहरु देहायअनुसार छन्:

रु.हजारमा

| क. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ६३ | ६३०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ६२ | १२४० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १४ | ७००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १ | ८५० |
| ५ | ५० लाख भन्दा माथीका | २ | ५५०० |
| | **जम्मा** | | २०८९० |

५.४

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | ३५४३६००० | ३४२२८९१७ | ५.४१ |
| सामाजिक क्षेत्र | ९५३७८३०० | ८७८५१०३८ | १३.८८ |
| पूर्वाधार विकास क्षेत्र | ४०९८८४००० | ३७६२४२०९५ | ५९.४५ |
| वातावरण तथा विपद् व्यवस्थापन | ७२३४००० | ६२७६०९७ | ०.९९ |
| संस्थागत विकास र सेवा प्रवाह | १३५१५०७०० | १२८१९१४२३ | २०.२७ |
| **जम्मा** | | | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा बढी ५९.४५ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा सबै भन्दा घटी ०.९९ प्रतिशत रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| ५.५ | | | यस नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारित गरेका योजना निर्माणका सात वटै चरणहरु पुरा गरेको छ । नगर सभाको माइन्युटमा योजनाहरुको विनियोजित रकम सहितको विवरण राख्नु पर्नेमा सो गरेको देखिएन। नगरसभामा विनियोजित रकमको क्रियाकलाप विवरणहरु संलग्न गरी प्रमाणित गरी राख्नु पर्दछ । | |
| ६ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि नगरपालिकाले यस वर्ष त्यस्ता सुविधा ११६ जनालाई रु.२,४८,३९,४३३.० प्रदान गरेको छ । यसरी आर्थिक सहायताको कुनै मापदण्ड र कार्यविधि नबनाई आन्तरिक श्रोतले खाम्ने गरी मात्र आर्थिक सहायत प्रदान गर्नुपर्दछ । | |
| ७ | | | **प्रशासकिय संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १८ जना मात्र पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रमुख प्रशासकिय अधिकृत, ईन्जिनियर,लेखा अधिकृत,जन स्वास्थ्य अधिकृत,पशु विकास अधिकृत,कृषि विकास अधिकृत पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **तलबी प्रतिवेदन पारित नभएको**<br>निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को नगरपालिकातर्फका २४ स्थाई कर्मचारीहरुको र स्वास्थ्यतर्फका ४५ स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरि रु ३,७६,७६,८४०. खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन समयमै पारित गरी तलब भुक्तानी गर्नुपर्दछ । | |
| ९ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा ५० जना कर्मचारीहरु करारमा राखि १,४८,०७,८१३/- खर्च लेखेको छ ।कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानुन बमोजिम मात्र कर्मचारी राखी खर्च लेख्नुपर्दछ । | |
| १० | | | **राजश्वको अभिलेखः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।यस पालिका अन्तर्गत १० वटा वडा रहेकोमा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको यकिन हुन सकिएन ।यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ साथै राजश्व प्राप्त गर्दा राख्नुपर्ने म.ले.प.फा.नं हरु राखेको छैन ।प्राप्त हुनुपर्ने राजश्व र प्राप्त भएको राजश्व सम्बन्धमा कार्यालयले आन्तरिक परीक्षण गरेको छैन।तसर्थ प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिएन ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला भएको विवरणमा विशेष ध्यान दिनुपर्दछ । | |
| ११ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा आर्थिक ऐन र विनियोजन ऐन बाहेक अन्य कानुनहरु बनाएको छैन । गत विगतमा बनाएका कानुनहरुको संशोधन तथा आवश्यक नयाँ कानुनको निर्माण गरी स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सुशासन र सेवा प्रवाहको नमुना बनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १२ | | | **ठेक्का अभिलेख**<br>सबै सार्वजनिक नियकायले ठेक्का बाट भएको कामको म. ले.प. फा. नं. ५०६ बमोजिमको ढाँचामा ठेक्काको अभिलेख खाता र म. ले.प. फा. नं. ५०७ बमोजिम ठेक्का सम्बन्धीको गोश्वारा लगत राख्ुिपर्ने व्यवस्था छ । पालिकाले सो बमोजिमको ठेक्काको विवरण राखेको पाइएन । कानुन बमोजिमको व्यवस्थाको पुर्णरुपमा पालना गर्नु पर्दछ । | |
| १३ | | | **राजश्व आम्दानिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आन्तरिक आय वापत रु. ६२९५९२३.०६ आम्दानी गरेको बैंक स्टेटमेन्ट विवरण पेश गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । ।कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| १४ | | | **बित्तिय बिवरण** | |
| १४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भएता पनि आर्थिक बिवरणले सम्पुर्ण कारोवार एकिकृत रूपमा प्रस्तुत गर्दैन ।कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा रू ८९,५९,०४,२५४।७५ को आर्थिक बिवरण पेश गरेकोमा सामाजिक सुरक्षाको रू १६,१०,७०,६२४।०० एकिकृत स्वास्थ्य बिकास पूवाधार बिकास कार्यक्रमको रू ३,२२,७०,५५७।०० र गरिबसंग बिशेश्वरको रू ४,५४,५००।०० समेत गरी जम्मा रु १९,३७,९५,६८१।०० म.ले.प. फा. न.२७२भन्दा बाहिर रहेको देखिन्छ । | |

<table>
<tr><td></td><td></td><td></td><td>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ८,४५,४६,४३५।२७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु २,८५,१७,७०३।५९ जिम्मेवारी सारेको देखिन्छ भने आर्थिक बर्ष २०७७।७८को फिर्ता गर्नु पर्ने रू ४,५४,३८,१३७।०० र आर्थिक बर्ष २०७६।७७ को रू ६७,६२,५००।०० गरी जम्मा ५,२२,००,६३७।०० सुत्रमा अ ल्या नगरी मिति २०७८।७।११ मा फिर्ता गरेको देखिन्छ र बाकी रू ३८,२८,०९४।६८। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी जिम्मेवारी सारेको सम्बन्धमा कार्यालयले छानबिन गरी एकिन गर्नु पर्ने देखिएको रू<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१४.२.१</td><td>प्रमाण पेश नभएको</td><td>३८,२८,०९४.६८</td></tr>
</table></td><td>३,८२८,०९४.६८</td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>कोष रकम नभिडेको: नगरपालिका कार्यालयले पेश गरेको एकिकृत आर्थिक बिवरण र म ले प फाराम २७२ को अनुसुची १५ भिडान गर्दा अनुसुचिमा जम्मा रू २,३८,२३,०८६।०० देखाउछ भने आर्थिक बिवरणमा रू २,२०,८६,२३३।५० देखाएको छ । सुत्रको बिवरण भन्दा एकिकृत आर्थिक बिवरणमा कम देखाएको रू १७,३६,८७२।०० कार्यालयले एकिन गरी प्रमाण पेश गर्नु पर्ने रू<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१४.३.१</td><td>प्रमाण पेश गर्नु पर्ने</td><td>१७,३६,८७२</td></tr>
</table></td><td>१,७३६,८७२</td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिब बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ३,३४,३४६।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अत कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू......<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१४.४.१</td><td>कट्टी रकम दाखिला नभएको</td><td>३,३४,३४६</td></tr>
</table></td><td>३३४,३४६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १४.५ | | | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी मुख्य १०३ कार्यक्रम रहेकोमा २५ वटा कार्यक्रमको शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १५ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १५.१ | | | **जिन्सी व्यवस्थापनः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४६, ४७ र ४८ बमोजिम जिन्सीको लगत राख्ने र नियम ५० बमोजिम कार्यालय प्रमुखले वर्षको कम्तिमा एक पटक जिन्सी निरीक्षण गर्नुपर्ने तथा नियम ५० (३) बमोजिम जिन्सी निरीक्षण प्राप्त भएपछि कार्यालय प्रमुखले एकप्रति जिन्सी निरीक्षण तालुक कार्यालयमा पठाई ६ महिनाभित्र लिलाम बिक्री र ३ महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका ल्यापटप, प्रिन्टर, मोबाइल, सिसिटिभि क्यामेरा समेतका १८ किसिमका १३८ वटा सामान रहेका छन् । जसमध्ये मर्मत गर्नुपर्ने ९ किसिमका ४७ वटा सामाग्री, मर्मत हुन सक्ने १२ किसिमका ४८ वटा सामाग्रीहरु रहेका छन् । प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम अन्य प्रकृया अपनाई मालसामान तथा सामाग्रीहरुको मर्मत, लिलाम तथा मिन्हा गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम तथा मिन्हा गर्नुपर्ने तथा पाम्स सफ्टवेयरमा पूर्ण रुपमा इन्ट्री गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| १५.२ | | | **कोषको विवरणः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका विविध कोष र प्रकोप व्यवस्थापन कोष गरी २ वटा कोषहरुको विवरण अद्यावधिक छ । कोषको आय प्राप्तिको उपयोग गरेको छैन् । कोषको कार्यविधि तयार गरी व्यवस्थित गर्नु पर्दछ । | |
| १५.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनुरअभिलेख राख्नु पर्दछ । | |
| १५.४ | | | **सम्पत्तिको लगतः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को निर्णय अनुसार आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकाको | |

नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

१६ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. ९८,५५,५००.० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३० | जम्मा ५२ |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 0 | 0 | ० | ० | ० | ० |
| २ | यातायात खर्च | 0 | 120000 | 225000 | 0 | 0 | 345000 |
| ३ | टेलिफोन,मोबाइल | 840000 | 72000 | 480000 | 336000 | 720000 | 2448000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 78000 | 60000 | 480000 | 336000 | 720000 | 1674000 |
| ५ | समन्वय तथा सहजीकरण | 120000 | 108000 | 780000 | 576000 | 1080000 | 2664000 |
| ६ | अतिथि सत्कार | 132000 | 120000 | 960000 | 240000 | 360000 | 1812000 |
| ७ | खानेपानी/बिजुली/ | 48000 | 42000 | 300000 | 0 | 0 | 390000 |
| ९ | चाडपर्व खर्च | 27500 | 25000 | 180000 | 80000 | 210000 | 522500 |
| जम्मा | | | | | | | 9855500 |

१७ **स्वकिय सचिव तथा सल्लाहकार** ६२,०६७

सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् ।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको प्रमुख सचिवलाय

सहयोगि र उप प्रमुखको सचिवलाय सहयोगिको रुपमा क्रमश श्री सरोज बम र श्री बसन्ती बमलाई नियुक्त गरी जेठ र असार महिनाको कुल तलब रु ६२०६७/- भुक्तानी भएकोले नियमसंगत नदेखिएको रु

१८

**पारिश्रामिक कर कट्टि नभएकोः**

आयकर,ऐन २०५८ को दफा ४ बमोजिम अनुसूचि १(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४,५०,०००.० सम्म १ %,(ख) रु. ४,५०,०००.०-५,५०,०००.० को १०%,(ग) रु.५,५०,०००.०-७,५०,०००.० सम्म रु २,००,०००.० मा २०%,(घ) रु ७,५०,०००.० देखि रु २०,००,०००.० सम्म रु. १२,५०,०००.० मा ३० % र रु.२०,००,०००.० भन्दा बढीको आम्दानिमा (घ)बमोजिम लाग्ने करको दरमा थप २०% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहाय कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएको र अन्य कर्मचारीको हकमा हिसाब एकिन गरी घटी कट्टी गरिएको कर असुल गरी दाखिला गर्नुपर्ने रु.

२३३,६०१

| क्र.सं. | कर्मचारीको नाम | पद | कर योग्य आय | पारिश्रमिक छुट | कर योग्य खुद रकम | कर |
|---|---|---|---|---|---|---|
| १ | रण बहादुर कुँवर | नगर प्रमुख | ४८४८८०/- | ४५००००(दम्पति) | ३४८८०/- | ३४८८/- |
| २ | जानकी ऐर(बम) | नगर उपप्रमुख | ५४१७८०/- | ४५००००(दम्पति) | ९१७८०/- | ९१७८/- |
| ३ | डा. प्रकाश चौधरी | मेडिकल अधिकृत | १०८००००/- | ४५००००(दम्पति) | ६३००००/- | १४९०००/- |
| ४ | सुरेन्द्र प्रसाद जोशी | अधिकृत छैटौं | ५३५७१३/- | ४२००००(एकल) | ११५७१३/- | ११५७१/- |
| ५ | विनोद कुमार कुँवर | अधिकृत छैटौं | ५५९०३६/- | ४७००००(दम्पति) | १०९०३६/- | १०९०३/- |
| ६ | अनुपा कुमारी ठगुन्ना | अधिकृत छैटौं | ५५९०३६/- | ४७००००(दम्पति) | १०९०३६/- | १०९०३/- |
| ७ | देवराज जोशी | सहायक पाचौं | ४८२६६१/- | ४७००००(दम्पति) | १२६६१/- | १२६६/- |
| १० | आन सिंह बोहरा | सहायक पाचौं | ५१४४३२/- | ४७००००(दम्पति) | ४४४३२/- | ४४४३/- |
| ११ | कमला धानुक | सहायक पाचौं | ५२६२०३/- | ४७००००(दम्पति) | ५६२०३/- | ५६२०/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | देवमती देवी कुँवर | सहायक पाचौं | ५१४४३२/- | ४७०००० (दम्पति) | ४४४३२/- | ४४४३/- |
| १३ | भागरथी जोशी | सहायक पाचौं | ५१४४३२/- | ४७०००० (दम्पति) | ४४४३२/- | ४४४३/- |
| १४ | बसुन्धारा महरा | सहायक पाचौं | ५१४४३२/- | ४७०००० (दम्पति) | ४४४३२/- | ४४४३/- |
| १५ | उषा बम | सहायक पाचौं | ५१४४३२/- | ४७०००० (दम्पति) | ४४४३२/- | ४४४३/- |
| १६ | यमुना देवी जोशी | सहायक पाचौं | ५१४४३२/- | ४७०००० (दम्पति) | ४४४३२/- | ४४४३/- |
| १७ | कमला देवी बोहरा | सहायक पाँचौं | ६२३५५५/- | ४७०००० (दम्पति) | ५०१४१/- | ५०१४/- |
| **जम्मा** | | | | | | **२३३६०१/-** |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **शिक्षातर्फ** | |
| १९.१ | | | **शिक्षक दरबन्दी र पदपूर्तिः-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनु पर्दछ । यस पालिका अन्तर्गत रहेको बिभिन्न ७५ वटा सामुदायिक विद्यालयमा २६१ दरबन्दी रहेकोमा २५४ जना पदपूर्ति भएकोमा पदपूर्ति मध्ये ३७ जना करारका शिक्षक रहेका छन्। नीजि स्रोतका ९४ जना शिक्षक छन् । जम्मा विद्यार्थी संख्या १४३६४ को विद्यार्थी र शिक्षक अनुपात १ शिक्षकमा ५७ जना विद्यार्थी रहेका छन् । शिक्षकको दरबन्दी संख्या वृद्धि गरी शिक्षक र विद्यार्थीको अनुपात घटाउनु पर्दछ भने नीजि र करार शिक्षक घटाई स्थायी दरबन्दी र पदपूर्तितर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| १९.२ | | | **शिक्षकको तलब भत्ता निकासाः** यस वर्ष शिक्षातर्फ सामूदायिक विद्यालयलाई भौ.नं. २।०७८।६।२० बाट रु. ५,०२,४५,४१४, भौ.नं. ३४।०७८।७।२२ बाट रु. १३,४७,०००, भौ.नं. १०३।०७८।११।३० बाट रु. ४,१८,८०,३७५ र गो.भौ.नं. २३७।०७९।३।२० बाट रु. ४,९९,५०,४०६, समेत जम्मा रु. १४,३४,२३,१९५ तलब भत्ता खर्च निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः | |
| १९.३ | | | **शिक्षकको तलबी प्रतिवेदनः** नगरपालिकामा कार्यरत स्थायी दरबन्दीका शिक्षकहरुको शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई विद्यालयलाई शिक्षकहरुको तलब बापत निकासा दिएको पाइयो । तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता रु. १४,३४,२३,१९५ निकासा गरेकोमा ग्रेड रकम भिडान गर्न सकिएन । अतः शिक्षकको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब निकासा दिनु पर्दछ । | |

<table>
<tr><td>१९.४</td><td></td><td></td><td>विद्यालयगत निकासा खाता : कार्यालयले प्रत्येक विद्यालयको स्थायी दरबन्दी मिलान शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालयसँग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., मा.बि.मा राहात समेत गरी ७५ वटा बिद्यालयमा जम्मा २६१ जना दरवन्दी मौज्दात देखिएता पनि नगरपालिकाले विद्यालयको अवस्था ,विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन। अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागी निकासा दिएको रु. १४,३४,२३,१९५ वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन । स्थायी, अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>शिक्षकको पारिश्रमिक बढी निकासाः शिक्षा नियमावली, २०५९ को नियम १७९ बमोजिम कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था छ । पालिकाले देहाय बमोजिम शिक्षकको अवकाशको दिनसम्मको मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा ५ दिन र पोशाक भत्ता तेस्रो चौमासिकमा बढी निकासा दिएकोले सम्बन्धितबाट रु. १८,९९१ असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश मिति</th><th>हुनुपर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>भूमिराज मा.वि.,कफलढुङ्गा</td><td>गणेशदत्त पन्त (नि.मा.वि.)</td><td>२०७८।१२।६</td><td>१०७८९</td><td>२९७८०</td><td>१८९९१</td></tr>
</table></td><td>१८,९९१</td></tr>
<tr><td>१९.६</td><td></td><td></td><td>नीजि विद्यालयको शुल्क निर्धारणः नीजि विद्यालयहरुको शुल्क निधारण स्थितिको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी विद्यालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नुपर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा. २०७८।७९ मा विद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गरी एकरुपता कायम गरी शुल्क निर्धारण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.७</td><td></td><td></td><td>सामुदायिक विद्यालयको गुणस्तरः सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सो को कार्यानयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा. २०७८।७९ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । अतः पालिकाले बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरी कानूनको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.८</td><td></td><td></td><td>शिक्षक अभिलेखः पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १९.९ | | | **पाठ्य पुस्तक खर्चः** कार्यक्रम कार्यान्यिन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ मा उल्लेख गरे अनुसार विद्यार्थी भर्ना भएको बिवरण, पाठयपुस्तक खरिद र बितरण गरेको आधारमा थप निकासा दिने व्यवस्था छ । यस पालिकाले ७२ वटा विद्यालयमा पाठयपुस्तक खरिदका लागि आ.बा. २०७८।७९ मा रु. ७०,८९,५५० निकासा दिएकोमा विद्यालयहरुले पुस्तक खरिद गरी बितरण गरेको बिल भरपाई पेश गरेको देखिएन । बिद्यालयको खातामा निकासा गएको उक्त रकमबाट बिद्यालयले कतिको पुस्तक खरिद गरी बितरण गरे कति रकम बाकी छ एकिन हुन सकिएन । पालिका कार्यालयले बिद्यालयमा निकासा गएको रकमको बिल भरपाई लिई वास्तविक खर्च एकीन गरी बिल भरपाई बिद्यार्थी हाजिर अभिलेखका आधार पेश गर्न लगाई बाँकी रहन गएको रकम संघिय संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ । | |
| १९.१० | | | **बाल विकास सहजकर्ता निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।७९) बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७८ भरी प्रमाणित भएको यकीन गरी सो आधारमा भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी व्यवस्था रहेको छ । पालिकाले उक्त विवरण पेश नै नगरी बिभिन्न विद्यालयको ४८ वटा बाल सहजकर्ताको लागि वर्षभरी जम्मा रु. ४९,९२,००० अनुदान निकासा दिएको देखियो । पालिकाले नियममा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । | |
३८.१ **उपभोक्ताको काम:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्रि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, सडक खानेपानी संरचना पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउ नसक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | महादेवस्थान वडा कार्यालय निर्माण उ, स | वडा कार्यालय निर्माण | २७४५०९१ |
| २ | बेउरीगा घारूडी श्रीभावर सडकम नर्माण उ,स. | सडक निर्माण | १९२०००० |
| ३ | मालिका मा. बि. फल्ड निर्माण उ. स. | फिल्ड कटिङ | ७६८००० |
| ४ | कठपते रोड देउलाड पात्ती हाल्ने चौराहा उ.स. | पि.सि. सि.काम | ४८०००० |
| ५ | पोखरी खा.पा.निर्माण उ.स. | खानेपानी निर्माण | ४७७७३५ |
| ६ | समैजी आ. बि. भवन मर्मत उ.स. | भवन मर्मत | ८१६१३८ |

३८.२ उपभोक्ता समिति दर्ता ‘ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न २८२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन

कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३८.३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवद्र्न गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

३८.४ **गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गलेश्रर मा. बि. ८ कोठे भवन निर्माण | | ३९०४८८६ |
| २ | झोलुङगे पुल निर्माण | एस के . इन्जेनेरिङ इन्डिस्टिज | ८६५०५० |
| ३ | भुमिराज मा. बि. भवन निर्माण | भुमिराज मा. बि. भवन निर्माण उ. स | १०२६६८० |
| ४ | वडा कार्यालय बिभुत बिस्तार | ईन्जिनियरको घर प्रा लि | १९९१०६० |
| ५ | गलिनाथ मा. बि फनपचर्स निर्माण | गलिनाथ मा. बि फनिचर्स निर्माण उ.स. | ११००००० |
| ६ | बिधुत लाइ बिस्तार वडा नं ७ | एम बि कन्स्टकशन | ९९६२९१ |

३८.५ **पुरानो भुक्तानी**ः नगरपालिका कार्यालयले आर्थिक बर्ष २०७८।७९ को योजना भनी परिषदबाट अनुमोदन गराई यस बर्ष बिभिन्न योजनाको भुक्तानी गरेको देखिन्छ । योजनाहरुको कार्यआदेश बमोजिम भुक्तानी दिएको देखिएता पनि उक्त योजनाको गत बर्ष के कति भुक्तानी भएको थियो र कति भुक्तानी दिन बाकी थियो सो बारे अभिलेख राखेको देखिएन साथै उपभोक्ता समितिले गर्ने कार्यलाई समेत गत आर्थिक बर्षमा नै सम्झौता गरी यस बर्षमा भुक्तानी दिने गरेको देखिन्छ ।अत कार्यालयले लाभग्राही समुदायबाट गरिने कार्यमा जुन बर्ष कार्य गरिने हो सोही बर्ष मात्र सम्झौता गरी कार्य सम्पन्न गराई भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ । केही उदाहरण निम्न प्रकार छन ।

| सि.न. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | भुमिराज मा. बि. भवन निर्माण | २४१९१३ |
| २ | गलेश्वर मा. बि भवन निर्माण | ३९०४८८६ |

३८.६ **लागत अनुमान र कार्य सम्पन्न नभएको** :सार्वजनिक खरिद नियमावली २०६३ को दफा ५ मा एक लाख भन्दा माथिको खरिद वा निर्माण कार्यमा लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न बिधालयलाई फनिचर्स निर्माण तथा खरिदको लागी बिधालयले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ ।बिधालयले नगरपालिका कार्यालयमा पेश गरेको कागजात भिडान गर्दा खरिद ऐन बमोजिम लागत अनुमान र कार्य सम्पन्न प्रतिबेदन तयार गरेको देखिएन ।अत बिधालयले खरिद गरेका फनिचर्स वास्तबिक हुन भन्न सकिएन ।कार्यालयले यसरी लागत अनुमान र कार्य सम्पन्न प्रतिबेदन बेगर भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ । **केही उदाहरण निम्न छन ।**

| गो.भौन. | योजना वा कार्यको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३६५।२०७९।३।१७ | भुमिराज मा.बि. दहताल ५ फनिचर्स निर्माण | भुमिराज मा.बि. | २५०००० | बिल भरपाई कार्य सम्पन्न प्रतिबेदन नभएको । |
| ३७४।२०७९।३।८ | मालिका मा. बि. ४ फनिचर्स निर्माण | मालिका मा. बि. | १५०००० | बिल भरपाई कार्य सम्पन्न प्रतिबेदन नभएको । |
| ४०१।२०७९।३।१३ | जनज्योती आ. बि. ६ फनिचर्स निर्माण | जनज्योती आ. बि. | १००००० | बिल भरपाई कार्य सम्पन्न प्रतिबेदन नभएको । |
| २६५।२०७९।१।१४ | भुमिराज मा.बि. कफलढुगां ६ | भुमिराज मा.बि. | ४८०००० | बिल भरपाई कार्य सम्पन्न प्रतिबेदन नभएको । |
| १३१।२०४७९।१२।९ | सरस्वती आ. बि.४ | सरस्वती आ. बि. | २००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| ४४३।२०७९।३।२४ | महादेव मा.बि. ६ फनिचर्स निर्माण | महादेव मा.बि. | ३००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |

| | | | | |
|---|---|---|---|---|
| ४१३।२०७९।३।१७ | भुमिराज मा.बि. कुवाकोट ७ | भुमिराज मा.बि. | २५०००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| ३१०।२०७९।१।१९ | केदार आ.बि. फनिचर्स खरिद | केदार आ.बि | १००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| २३३।२०७८।१२।२३ | लालीगुरास आ. बि.फनिचर्स र क्म्प्युटर खरद | लालीगुरास आ. बि. | ४००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| २३२।२०७९।१२।२३ | सुन्जनी आ.बि फनिचर्स खरिद | सुन्जनी आ.बि | २००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| १६९।२०७८।१२।२० | भुवनेश्वरी आ.बि.फनिचर्स निर्माण | भुवनेश्वरी आ.बि | २००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| १४५।२०७८।१२।१७ | कैलापाल आ.बि फनिचर्स निर्माण | कैलापाल आ.बि | ५००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |
| ६५।२०७८।१०।५ | गलिनाथ मा. बि. फनिचर खरिद | गलिनाथ मा. बि. | ११००००० | लागत अनुमान/ कार्यसम्पन्न नभएको । |

३८.७ **सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालीका र उपभोक्ता समिति बीच कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष निम्न कार्य पुरा गरेको देखिएन । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्त योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै आ.व.२०७९।८० मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नु पर्ने देखिन्छ ।केही उदाहरण निम्न प्रकार छन ।

| योजनाको नाम | शिर्षक | सम्झौता रकम | भुक्तानी रकम | कार्य बाकी रकम |
|---|---|---|---|---|
| न्वादेउ १५ शेया अस्पतालबाट भटाह हुदै सडक नि. उ .स. | नगरपालिका पुजिगत | ९७१५५१ | ४९०२३६ | ३५८७५६ |

| | | | | |
|---|---|---|---|---|
| मुल सडकदेखि ऐरीगाउ सडक सुधार | नगरपालिका पुजिगत | ९६६१०० | ४५३८३१ | ३९८८१२ |

३८.८ **ब्यक्तीको नामबाट चेक जारी**:आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न वडाको लागी समान खरिद गर्दा वडा सचिवको नाममा चेक जारी गरी कार्यालयका समान सोझै खरिद गरी वडा कार्यालयमा राखे गरेको र उक्त समान नगरपालिका कार्यालयको जिन्सी खाता PAMS मा समेत दाखिला गरेको देखिएन । नगरपालिका कार्यालयले नियमावली र स्थानिय सरकार संचालन ऐन २०७४को ब्यवस्था बिपरित वडा कार्यालयलाई समान खरिद गर्न दिएको र खरिद गरेका समान जिन्सीखातामा दाखिला नगरेको नियमसंगत देखिएन । अत नगरपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी खरिद गरिएका समान नगरपालिका PAMSमा अभिलेख गरी जिन्सी खाता अधावधिक गराउनु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर .न | कार्यको नाम | चेक जारी गरेको ब्यक्तीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३२।२०७८।८।८ | वडा कार्यालय समान खरिद | कर्ण ब. बिष्ट | ३००००० | PAMS दाखिला नभएको |
| १६०।२०७८१२।१८ | वडा कार्यालय समान खरिद | चक्र ब. ढुगाना | १६०००० | PAMS दाखिला नभएको |
| ३०६।२०७९।१।१९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | वसन्त भट्ट | २४९३६० | ल.ई.र नापी किताब नभएको |
| ४४२।२०७९।३।२३ | वडा कार्यालय समान खरिद | नन्द सिहं साउद | १००००० | PAMS दाखिला नभएको |
| ३००।२०७९।१।१६ | वडा कार्यालय समान खरिद | पदमसिह भण्डारी | ४००००० | PAMS दाखिला नभएको |
| ४२६।२०७९।३।२० | थिरेसर खरिद | गणशदत्त जोशी | ४००००० | बितरण आधार नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४१०।२०७९।३।१९ | वडा कार्यालय समान खरिद | भवन वडु | २००००० | PAMS दाखिला नभएको |
| ३००।२०७९।१।१६ | वडा कार्यालय समान खरिद | पदम सिह भन्डारी | ४००००० | PAMS दाखिला नभएको |

३८.९

**उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पास गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्मा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सुचीमा राखन सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस नगरपालिकामा संचालित उपभोक्ता समितिले पास गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई कार्य गराएको देखिएका केही उदाहरण निम्न छन । यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।अत नगरपालिका कार्यालयले यस्ता कार्य गर्न नियन्त्रण गर्नु पर्दछ ।

| सि=न | योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माणब्यावसायीले गरेको काम | रकम |
|---|---|---|---|---|---|
| १ | महादेवस्थान वडा कार्यालय निर्माण उ,स | २४९।२०७८१२।२४ | कल्पना कनस्टकशन | सडक कटीङ | २४६१००० |
| २ | बेउरीगा घारूडी श्रीभावर सडकम नर्माण उ,स. | २४६।२०७८।१२।२४ | जगदम्बा बिल्डर्स प्रा लि | सडक कटीङ | १६८५००० |
| ३ | मालिका म्दिर देखि वडा कार्यालय सडक नि. उ. स. | ३३३।२०७९।१।२२ | अर्चना निर्माण सेवा | सडक कटीङ | २६२९७१६ |

३८.१० १५८,७१०

**दर बिश्लेषणमा बढी भुक्तानी:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले निम्म कार्यमा रकम भुक्तानी गर्दा नगरपालिकाले बिश्लेषण गरेको दर भन्दा बढी दरमा भुक्तानी दिएको देखीएकोले बढी भुक्तानी हुन गएको रू १,५८,७१०।०० असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएकोरू

| भौचर न. | कार्यको नाम | कामको परिमाण | बिश्लेषण दर | भुक्तानी दर | फरक दर | बढी रकम |
|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २१६।२०७८।१२।२२ | चमेला ग्वानी पहिरो नियन्त्रण उ.स. | ग्याबिन२.१.१बक्स १०<br>ग्याबिन२.१.१बक्स १० | ९००८<br>७२८४ | ११०८१<br>८३२२ | २२५५<br>८३० | २२५५०<br>१७४३८<br>३९९८८ | |
| | | | १४७।२०७८७।१२१७ | कठपते रोडदेखि देउलाडपाति हाल्ला चौराह सडक पि,सि. सि | १.३.६ पि.सि.सि.काम २२।०७ घ. मी | १४७२९ | १५६११ | ५६३ | १२४४० | |
| | | | ३६३।२०७९।३।७ | केदारमाण्डौ खानेपानी तथा शौचालय निर्माण | ढुगांको गारो लगाउने कार्य ३३घ. मी. | ५१२७ | ५३२२ | १९५ | ६४३५ | |
| | | | २४१।२०७८।१२।२२ | भुमिराज मन्दिर तथा पर्खाल निर्माण | ढुगांको गारो लगाउने कार्य २२.१२घ. मी | ४६४२ | ५३३४ | ६९२ | १५३०७ | |
| | | | २४४।२०८७।१२।२४ | टुपा घर सिचाई कुलो नि.उ .स. | पि सि सि १.२.४.कार्य९. ८३ घ मी | १७५०० | १५३०३ | २१९७ | १७४९० | |
| | | | २१७।२०७८।१२।२२ | कुन्न खोला गल्लेक सिचाई कुलो नि.उ.स. | पि सि सि १.२.४.कार्य५. ८३ घ मी | १७३५३ | १५३०३ | २०५० | ११९६३ | |
| | | | ३४०।२०७९।२।१२ | खम्सड मेटल इन्डीस्ट्रीज | तारजाली खरिद वडा न १० के जी ११६५ को | २०१ | १६३ | ३६ | ४१९४० | |
| | | | २८८।२०७९।१।१६ | समैजि मन्दिर देखि चोरपानी बाटो निर्माण | ढुङगाको वाल निर्माण१५।६७ घ. मी. | ५४८१ | ४६४२ | ८३९ | १३१४७ | |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१,५८,७१०</td></tr></table></td><td></td></tr>
<tr><td>३८.११</td><td></td><td></td><td>अनुगमन नभएको:स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस नगरपालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको नगरपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने नगरपालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए,भएन भन्ने नगरपालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अत यसले गर्दा नगरपालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । नगरपालिकाद्वारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदनअभिलेखगत रूपमा राखु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.१२</td><td></td><td></td><td>बिजक बेगरको भुक्तानी: आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको प्राबिधिक बिल अनुसार ब्याबसायीलाई रकम भुक्तानी दिएकोमा निमार्ण ब्यावसायीलाई भुक्तानी दिए बरावरको कर बिजक पेश गरेको देखिएन,।अत निर्माण ब्यवसायीले उक्त रकम बरावरको आय बिवरण पेश गरेको भए मु.अ कर समायोजन प्रमाण पेश गर्ने अन्यथा मु.अ.कर रकम ब्यावसायीबाट असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू.
<table>
<tr><td>योजनाको नाम</td><td>निर्माण ब्यावसायीको नाम</td><td>गो. भौ.न र मिति</td><td>कामको ब्यहोरा</td><td>भुक्तानी रकम</td><td>बिजक पेश भएको रकम</td><td>फरक रकम</td></tr>
<tr><td>गाडा भौनेली मन्दिर निर्माण</td><td>गाडा भौनेली मन्दि नि. उ. स.</td><td>४०२।२०७९।३।१३</td><td>१.३.६ र<br>१.५.१.१सिमेन्ट कार्य<br>डण्डीको काम</td><td>३२८४१<br>५९५८८</td><td>२०३५३<br>४१९०३</td><td>१२४८८<br><u>१७६५४</u><br>३०,१४२</td></tr>
</table></td><td>३०,१४२</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>आयकर कट्टी कर नभएको<br>कर कट्टी नभएको:आयकर ऐन २०५८ को दफा ८८ (१)को ५मा बहाल कर १० प्रतिशत र ८९ को (१) मा कुनै रकमको भुक्तानी दिदा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न कार्यको लागी रकम भुक्तानी गर्दा अग्रीम कर कट्टी गरेको देखिएन । अत नगरपालिका कार्यालयले उक्त असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू</td><td>२९,७००</td></tr>
</table>

| भौचर न | कामको नाम | भुक्तानी लिनेको नाम | भाडा भुक्तानी रकम | कट्टी गर्नु पर्ने रकम |
|---|---|---|---|---|
| ४३५।२०७९।३।२३ | खडयाल देखि कोल्याउडा ठुली गाडदेखि दलित टोलसम्म खा.पा. निर्माण | त्रिबेणी स्वस्थ वातावरण समुह् | ३००००० | ४५०० |
| ४३६।२०७९।३।२३ | वागा खानेपानी योजना | त्रिबेणी स्वस्थ वातावरण समुह् | ५००००० | ७५०० |
| २४।२०७९।३।२३ | गैरस्थानिय सामाग्री ढुवानी | त्रिबेणी स्वस्थ वातावरण समुह् | ८०००० | ८००० |
| २४।२०७९।३।२३ | दाडीमपाटा नया बस्ती र लोलिखेत खानेपानी निर्माण सामाग्री ढुवानी | त्रिबेणी स्वस्थ वातावरण समुह् | ४०००० | ४००० |
| २४।२०७९।३।२३ | ठुलीगाड खजनेपानी नाकाली ढुवानी | | ५७००० | ५७०० |
| | जम्मा | | | २९७०० |

४०

**टुक्रा पारी खरिद**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. ११,२६,४५४ सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

| **गो.भौ.नं. मिति** | **खरीद गरेको फर्म** | **सामानको विवरण** | **रकम रु.** |
|---|---|---|---|
| २९।०७८।७।१६ | पुष्पा प्रिन्टर्स एण्ड स्टेशनगरी उद्योग प्रा.लि. | कार्यालय सामाग्री | १९९१९५ |
| २९।०७८।७।१६ | भूमिराज ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ९९९२५ |
| १८४।०७९।२।१५ | मिश्रा ब्रदर्श | कार्यालय सामाग्री | २६५७०८ |
| १९६।०७९।३।७ | भूमिराज ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ९८९३१ |

| | | | |
|---|---|---|---|
| २०४।०७९।३।१२ | सुदन स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ८४०९८ |
| २०६।०७९।३।१२ | नर बहादुर विष्ट | कार्यालय सामाग्री | १८०००० |
| ३०४।०७९।३।२५ | भूमिराज ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ९९२७० |
| २९७।०७९।३।२५ | गडतोला ट्रेडर्स | स्वास्थ्य सामाग्री | ९९३२७ |
| जम्मा | | | ११,२६,४५४ |

४१ **स्यानिटरी प्याड**

४१.१ **स्यानिटरी प्याडः** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराउन निम्न बमोजिम भुक्तानी गरेको छः

| भौ.नं.र मिति | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १७३।०७९।१।२३ | हेल्पिङ्ग मल्टि प्रपोज प्रा.लि. | ६७२३५० | ३५००० Nos/Pack @ १७ को दरले |
| १७४।०७९।१।२३ | .............. | ९९९९१४ | ९८३२ प्याड ९० को दरले |
| १७५।०७९।१।२३ | झसा इन्टरप्राइजेज प्रा.लि. | ९९९९१४ | ९८३२ प्याड ९० को दरले |
| जम्मा | | २६७२१७८ | |

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) मा सार्वजनिक निकायले रु. १ लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्पेशिफिकेशन सहित लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन् । स्यानिटरी प्याडको गुणस्तरण निरीक्षण प्रतिवेदन प्राप्त नभएको अवस्थामा नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नु पर्दछ ।

<table>
<tr><td>४१.२</td><td></td><td></td><td>स्यानिटरी प्याड वितरण नगरेको : सामूदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई वितरण नगरी स्टोरमा मौज्दात राखेको पाइयो । स्यानिटरी प्याड रु. ८,१०,००० को गुणस्तरमा असर नपर्ने गरी भण्डरण गर्नु पर्दछ । खरिद गरिएका स्यानिटरी प्याड समयमै वितरण हुन नसक्दा त्यसको अपेक्षित नतिजा हासिल हुँदैन । अतः कार्यालयले स्यानिटरी प्याड समयमै वितरण गरी सो को प्रमाण पेश हुनुपर्ने रु.</td><td>८१०,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>ब्यवस्थापन कार्य</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>वारिण्टी कार्ड नलिएको: सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस नगरपालिका कार्यालयले बैक्पिक उर्जा र नगरपालिकामा जडान गरिएका सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><td>सि न</td><td>योजनाको नाम</td><td>गो भौ न र मिति</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सोलर खरिद जडान</td><td>३०।२०७९।१।२६</td><td>९,९१,१०७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>कन्टेन्जेन्सी खर्च: गलेश्वर मा. बि को भवन निर्माणको लागी रू १ करोड ६५ लाखमा सम्झौता गरेकोमा नगरपालिका कार्यालयले यस बर्ष रू ३९,०४,८८६।००भुक्तानी लेखेकोमा ५ वटा गौश्वरा भौचरबाट रू ११,५४,६५०।००कन्टेजेन्सी खर्च लेखेको देखिन्छ । उक्त रकम कुल खर्चको २९।५६ प्रतिशत हुन जाने देखिन्छ । अत यस सम्बन्धमा कार्यालयले एकिन गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू ।</td><td>१,१५४,६५०</td></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>नापी किताव: निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस नगरपालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।केही उदाहरण निम्न छन ।
<table>
<tr><td>सिन</td><td>योजनाको नाम</td><td>भुक्तानी रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>गलेश्वर मा.बि. भवन निर्माण</td><td>३९०४७७६</td></tr></table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिमा लगत कट्टा भईसकेको व्यक्तिहरुको खातामा समेत भुक्तानी गरेको देखिन्छ।पालिकाले मिति २०७९।२।१२, २०७९।३।८ र २०७९।३।२८ मा ग्लोवल आई.एम.ई. बैंक लि. पुर्चौडी, हाँट शाखालाई पत्र लेख्दै मृत्यु भई लगत कट्टा भईसकेका व्याक्तिहरुको खातामा भुक्तानी भएको रकम नगरपालिकाको खातामा फिर्ता गर्न अनुरोध गरेको र बैंकले मिति २०७९।५।९ पालिकालाई पत्र लेख्दै त्यसरी खाताबाट फिर्ता भएको रकम रु ९,३७,५८४ सहित रु १५,०३,५७३ मौज्दात रकम को.ले.नि.का. बैतडीलाई फिर्ता गरिने व्यहोरा जनाएको छ। पालिकाले समयमै विवरण अद्यावधिक नगर्दा बैकको मौज्दात रकम यकिन गर्न सकिएन । अतः पालिकाले खर्चको यथार्थ तथा अद्याविक विवरण राखी मौज्दात यकिन गरी संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने देखिएको रु.</td><td>१,५०३,५७३</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>परामर्श कार्य</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>प्रस्ताव मुल्याङकनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटाछुटै मुल्याङकन गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी पाप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले सो नगरी सयुक्त रुपमा ४ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको लागत अनुमानको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>डीपीआर खर्च — सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्रास गरेको देखिन्छ । यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चता नभई डिपिआरमा खर्च गरेको रकम नियम संगत देखिएन ।<br><table><tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा कार्यालय बिधुत बस्तार</td><td>इन्जिनेरिङको घर प्रा लि</td><td>१९९८७६२</td><td>१९९१०६०</td><td>१९३३९४१५९</td></tr>
<tr><td>यर्यटन बस पार्कको गुरूयोजना</td><td>मेरेगा इन्जिनेरिङ सवलुशन प्रा लि</td><td>१९९९४२६</td><td>१९९१६२५</td><td>९०७८१५७८</td></tr>
<tr><td>वातावरणी सम्भाब्यता अध्ययन</td><td>वन डिग्री कन्सन्टेन्ट</td><td>११९९७७२</td><td>११९४५४०</td><td>प्रति बर्ष १६३५५ घ. मी.देखाएको</td></tr>
<tr><td>रेस्मी बिजयपुर सडक</td><td>एम एच कन्सल्टिङ एण्ड कन्टकशन</td><td>९९४८६२</td><td>९९४८६२</td><td>९७४८७३८७२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१,७२,०८७</td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । परामर्श खर्चमा नियन्त्रण कायम गरी औचित्यता र परामर्श आवश्यकताको आधारमा मात्रै गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सडक अभिलेख र गुरु योजना<br>पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कृषि, पशु ,शिक्षा तथा विद्यालय अनुदान<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| ४७ | | | **भुक्तानीमा कट्टि** | |
| ४७.१ | ६३ | २०७८ -१०- ४ | **अग्रिम कर कट्टिः** ठेक्का नं. PNP/BTD/NCB/04/077/78, आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम कुनै पनि बिलको भुक्तानी गर्दा भुक्तानीमा १.५ ले अग्रिम आयकर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासनिक भवन निर्माण कार्यको दोस्रो रनिङ्ग बिलको नगरपालिका पुँजिगतबाट निर्माण व्यवसायी श्री वाई. आर. कन्ट्रक्सन प्रा.ली. भीमदत्त नगरपालिका १५ कञ्चनपुरलाई रकम रु.५१,९७,२५०.०० भुक्तानी दिँदा नियमानुसार अग्रिम आयकर कट्टी गर्नु पर्ने रकम कट्छुटी गर्न छुट भएकोले असुल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रकम रु | ६८,९९०.०६ |
| ४७.२ | ६३ | २०७८ -१०- ४ | **धरौटी कर कट्टिः**<br><br>*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१को निर्णयबाट रु. २,२९,९६७।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४७.३ | ६३ | २०७८ -१०- ४ | **कर समायोजनः** ठेक्का नं. PNP/BTD/NCB/04/077/78, प्रशासनिक भवन निर्माण कार्यको दोस्रो रनिङ्ग बिल मुल्य अभिवृद्धि कर रकम रु. ५९७९१३.८२ समेत रकम रु. ५१९७२५०.०० नगरपालिका पुँजिगतबाट निर्माण व्यवसायी श्री वाई. आर. कन्ट्रक्सन प्रा.ली. भीमदत्त नगरपालिका १५ कञ्चनपुरलाई भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कट्टि गरी बाँकी रकम भुक्तानी दिनु पर्नेमा सो कर कट्टि नगरी सबै रकम भुक्तानी गरेको देखियो । तसर्थ, निर्माण व्यवसायीले रकम रु. ५,९७,९१३. ८२ बराबरको मु.अ.कर समायोजनपत्र संलग्न गर्नुपर्ने अन्यथा मु.अ.करको ७० प्रतिशतले हुने रु. ४१८५४० असूल हुनु पर्दछ । | ४१८,५४० |
| ४८ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४ (३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | १०,५४०,००० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | बिनोद कुमार कुवँर | सि.अ.हे.व. अधिकृत | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या ९६४ लाई रु. १० हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ | २०,००,००० | | |
| | | | २ | श्री पहरौल माध्यामिक विद्यालय पु.न.पा. ४ बागा भटना बैतडी | | पहरौल मा वि बागा ४ कोठे भवन निर्माण वडा नं. ४ | ९,००,००० | | |
| | | | ३ | अनुग्रा कुमारी ठगुन्ना | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या ९६४ लाई रु. १० हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ | २०,००,००० | | |
| | | | ४ | उत्तम बहादुर बिष्ट | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या ९६४ लाई रु. १० हजारका | २०,००,००० | | |

| | | | | |
|---|---|---|---|---|
| | | | दरले नगद हस्तान्तरण प्रयोजनार्थ | |
| ५ | कर्ण बहादुर बम | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या ९६४ लाई रु.१० हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ | २०,००,००० |
| ६ | जगदिश बहादुर भण्डारी | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या ९६४ लाई रु.१० हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ | १६,४०,००० |
| जम्मा | | | | १,०५,४०,००० |
| | **म्याद ननाघेको पेश्की** | | | |
| १ | वाई आर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | नगरकार्यपालिकाको प्रशासनिक भवन निर्माण | १,१६,००,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>जय मां स्वर्गद्धारी निर्माण सेवा प्रा.लि.</td><td></td><td>श्री गलेश्वर मावि ८ कोठे भवन निर्माण तथा घेरवार पु.न.पा. १० महरागाँउ बैतडी</td><td>१७,४५,०००</td></tr>
<tr><td>३</td><td>हाउजिङ्ग एण्ड हाइड्रो सर्भिसेज कम्पनी प्रालि</td><td></td><td>१० वटै कार्यालयसम्म विद्युत विस्तार</td><td>११,६३,९५०</td></tr>
<tr><td>४</td><td>देवीमा विल्डर्स</td><td></td><td>रेसी विजयपुर सडक</td><td>२,८०,०००</td></tr>
<tr><td>५</td><td>नविन निर्माण सेवा</td><td></td><td>भुमिराज मावि भवन निर्माण</td><td>१३,३२,८००</td></tr>
<tr><td>६</td><td>श्री जि. एण्ड जे निर्माण सेवा</td><td></td><td>रेसि विजयपुर सडक निर्माण</td><td>३,९५,०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,६५,१६,७५०</td></tr>
</table>
पुरानो पेश्कीः पालिकाले गतविगत देखिको म्याद नाघेको र ननाघेको पेश्कीको लगत अद्यावधिक राखि पेश्की फछ्र्यौट गरी सम्परिक्षणको लागि पेश गर्नु पर्दछ । पालिकाले सो बमोजिक पेश्कीको विवरण अद्यावधिक गरी फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको छैन् । यसतर्फ पालिकाको ध्यान जानु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>बाखा अनुदानः<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आ.व. ०७८/७९ मा ८ वटा फर्मलाई ९३ बाखा र ८ वटा बोका खरिद वापत क्रमश रु १४६००००/- र रु ३४५०००/- गरी जम्मा रु १८०५०००/- अनुदान भुक्तानी गरेको पाईयो ।खरिद गरिएका बाखा बोकाको ३ वटा फर्मबाट दर रेट माग नगरी सोझै खरिद गरिएको तथा खरिद गरिएका बाखा बोका सम्बन्धित निकायबाट निरोगि प्रमाणित भएको प्रमाण बेगर खर्च लेखेकोले पाईयो ।खर्चमा मित्वययिता,प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयको विशेय ध्यान पुर्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च व्यवस्थापन<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ। नगरपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । यसलाइ व्यवस्थित गर्नु पर्दछ । | |
| ५१ | | | **विविधतर्फ** | |
| ५१.१ | | | **दाखिला नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ (१) बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको खर्च लेख्दा दाखिला सहितको विवरण राखेको पाइएन । अतः उक्त सामाग्रीको दाखिला सहितको रु. ९९,३२७ विवरण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ९९,३२७ |
| ५१.२ | | | **सामाजिक सुरक्षा कर कट्टि नगरेकोः** स्वास्थ्य कार्यक्रम निर्देशिका, २०७८ बमोजिम महिला स्वयंसेविकालाई पोशाक भत्ता बापत रु. १०,००० भुक्तानी गर्दा भुक्तानीमा सामाजिक सुरक्षा कर १ प्रतिशतले कर कट्टि गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले १२५ जना महिला स्वयं सेविकालाई रु. १०,००० को दरले रु. १२,५०,००० पोशाक भत्ता भुक्तानी गर्दा १ प्रतिशतले हुने रु. १२,५०० सामाजिक सुरक्षा कर कट्टि नगरेकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु. | १२,५०० |
| ५१.३ | | | **प्रशिक्षण भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम सहायककृतस्तरको तालिममा प्रशिक्षकलाई प्रति सेसन बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० को दरले तथा अधिकृतस्तरको प्रशिक्षकलाई प्रति सेसन बाचन बापत रु. ११०० तथा कार्यपत्र बापत रु. ७०० को दरले भुक्तानी गर्नुपर्ने तथा सहयोगी भत्ता रु. ५०० मात्र हुने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन प्रशिक्षकलाई रु. १३०० र रु. १५०० को दरले तथा सहयोगी भत्ता रु. १५०० को दरले भुक्तानी गरेको पाइयो। निर्देशिका विपरीत भुक्तानी भएको बढी रकम रु. १,४५,९४५ देहायको प्रशिक्षकबाट असुल हुनुपर्ने रु. | १४०,२५० |

| क.सं. | भौ.नं.र मिति | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | २९७।०७९।३।२५ | गडतोला ट्रेडर्सबाट खरिद गरिएको स्वास्थ्य मसलन्द | ९९३२७ |

| भौ.नं.र मिति | प्रशिक्षक | सेसन | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रकम | कर कट्टी गरि भुक्तानी भएको रकम | बढि रकम असूल रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| शसर्त चालु | | | | | | |
| १९२।०७९।३।१ | दीपक बहादुर धामी | ८ | ४७६० | ८८४० | ४०८० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१३।०७९।३।१३ | दीपक बहादुर धामी | ८ | ४७६० | ८८४० | ४०८० | |
| २१५।०७९।३।१३ | नन्दा कुमारी विष्ट | ८ | ४७६० | ८८४० | ४०८० | |
| २२४।०७९।३।१५ | नन्दा कुमारी विष्ट ओली | ८ | ४७६० | ८८४० | ४०८० | |
| २४९।०७९।३।२३ | निराजन बहादुर बोहरा | ८ | ३४०० | १०२०० | ६८०० | सहयोगी भत्ता |
| | इश्वरी भण्डारी | ८ | ३४०० | १०२०० | ६८०० | सहयोगी भत्ता |
| | बिरेन्द्र बहादुर ऐर | १५ | ८९२५ | १९१२५ | १०२०० | कार्यक्रम सम्बन्धी तालीम |
| | निराजन बहादुर बोहरा | १५ | ८९२५ | १०२०० | १२७५ | |
| | राजमति धामी | ३० | १७८५० | ३८२५० | २०४०० | |
| | निर्मला कुँवर | ३० | १७८५० | ३८२५० | २०४०० | |
| | इश्वरी भण्डारी | ३० | १२७५० | २०४०० | ७६५० | सहयोगी भत्ता |
| ३००।०७९।३।२५ | दिपा जागरी गडाल | १५ | ८९२५ | १२७५० | ३८२५ | स्तरोउन्ती एडभान्स सीप तालीम |
| | अन्जु बोहरा गडाल | १५ | ८९२५ | १२७५० | ३८२५ | |
| | धने धामी | १५ | ८९२५ | १२७५० | ३८२५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निराजन बहादुर बोहरा | १५ | ८९२५ | १०२०० | १२७५ | |
| | इश्वरी भण्डारी | १५ | ८९२५ | १०२०० | १२७५ | |
| २५६।०७९।३।२४ | दिपक बहादुर धानुक | ५ | २९७५ | ८५०० | ५५२५ | दिगो उद्यम तालीम |
| २७२।०७९।३।२४ | नरेश बहादुर धामी | ४ | २३८० | ४४२० | २०४० | तरकारी खेती सम्बन्धी तालीम |
| | दिपकराज जोशी | ४ | २३८० | ४४२० | २०४० | |
| २८३।०७९।३।२४ | नन्दा कुमारी विष्ट ओली | ४ | २३८० | ४४२० | २०४० | फलफूल खेती तालीम |
| शिक्षा चालु | | | | | | |
| २५।०७९।३।२४ | बीर बहादुर नेपाली | ४ | ३७४० | ५१०० | १३६० | जिन्सी इमिस सम्बन्धी तालीम |
| | सुरेन्द्र प्रसाद जोशी | ४ | ३७४० | ५१०० | १३६० | |
| | दल बहादुर धामी | २२ | १३०९० | २८०५० | १४९६० | |
| | शेर सिंह महरा | २ | ११९० | २५५० | १३६० | |
| | दिनेश नागरी | ४ | ३७६० | ५१०० | १३६० | |
| | विनोद कुमार कुँवर | ४ | ३७६० | ५१०० | १३६० | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५।०७९।३।२४ | दिनेश नागरी | ५ | २१२५ | ५१०० | २९७५ | जिन्सी इमिस सम्बन्धी सहजिकरण भत्ता |
| जम्मा | | | | | १,४०,२५० | |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ५६९५ ।- सम्परीक्षण गरिएको ।)***

५१.४

**घर भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जि.स.स. र को.ले.नि.का. को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु. २,२०,००० भुक्तानी गरेको देखियो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनु पर्दछ ।

५१.५

**स्थानीय भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ८ को उप नियम ११ बमोजिम सरकारी कामको सिलसिलामा रही पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधिमा स्थानीय भत्ता पाउने व्यवस्था छैन् । पालिकाका देहाय बमोजिमका कर्मचारीले भ्रमण गरेको अवधिमा समेत स्थानीय भत्ता प्राप्त गरेकोले उक्त भत्ता देहाय बमोजिम सम्बन्धितबाट रु. ५२४८ असूल गरी दाखिला गर्नुपर्ने रु.

३,९०२

| **भौ.नं.र मिति** | **कर्मचारीको नाम** | **भ्रमण अवधि** | **स्थानीय भत्ता असूल हुनुपर्ने रु.** | **कैफियत** |
|---|---|---|---|---|
| ९३।०७८।१०।२१ | देवराज जोशी | ०७८।९।७ देखि ०७८।९।२६ | १५१० | ११.५ दिन |
| १२१।०७८।१२।१० | उत्तम बहादुर विष्ट | ०७८।११।२२ देखि ०७८।११।२८ | २३९२ | ७ दिन |
| | | ०७८।११।२ देखि ०७८।११।६ | | ५ दिन |
| | | ०७८।१०।६ देखि ०७८।१०।१३ | | ८ दिन |
| | | ०७८।९।२८ देखि ०७८।१०।४ | | ६ दिन |
| जम्मा | | | ३,९०२ | |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. १३४६ ।- सम्परीक्षण गरिएको ।)***

५१.६

**पदाधिकारीलाई अनुगमन/सहभागिता भत्ताः** सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरु समेतले पालिकाको बिभिन्न कार्यक्रममा अनुगमन/सहभागिता वा भ्रमण गरे बापत कर कट्टी पछि देहाय बमोजिम भुक्तानी भएको भत्ता रु. १,६०,४८० नियमसम्मत नदेखिएको रु.

| **भौ.नं.र मिति** | **विवरण** | **भुक्तानी रु.** | **कर पछिको रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| **शसर्त चालु** | | | | |
| २०८।०७९।३।१२ | पालिकाका ६ जना पदाधिकारी तथा कर्मचारी | ६४००० | ५४४०० | व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण कार्यक्रममा सहभागिता तथा अनुगमन |
| २४८।०७९।३।२३ | पालिकाका ११ जना पदाधिकारी तथा कर्मचारी | ९५५०० | ८११७५ | पोलीहाउस निर्माण नर्सरी अनुदान पकेट कार्यक्रमको अनुगमन |
| २४९।०७९।३।२३ | पालिकाका ४ जना पदाधिकारी तथा कर्मचारी | ४८०० | ४०८० | गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रममा सहभागिता भत्ता |
| २४९।०७९।३।२३ | पालिकाका ३ जना पदाधिकारी तथा कर्मचारी | ३००० | २५५० | ८ दिने उद्यमशिलता तालीममा सहभागी भत्ता |
| २८९।०७९।३।२४ | पालिकाका ४ जना पदाधिकारी तथा कर्मचारी | १०५०० | ८९२५ | उद्यम विकास तालीममा सहभागी भत्ता |
| २७७।०७९।३।२४ | पालिकाका २ जना पदाधिकारी | ३००० | २५५० | कार्यक्रम मूल्याङ्कन भत्ता |
| **शिक्षा चालु** | | | | |

१६०,४८०

| | | | | |
|---|---|---|---|---|
| २६।०७९।३।२४ | पालिकाका २ जना पदाधिकारी | ८००० | ६८०० | स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठक भत्ता |
| जम्मा | | | १६०४८० | |

| | | | | |
|---|---|---|---|---|
| ५१.७ | ३०० | २०७९-३-२५ | **घटी बील पेश गरेको**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यक्रम सञ्चालनको लागि निराजन बहादुर बोहराले रु. ५,३६,९५० खर्च गरेकोमा भौचरसँगै मात्र रु. ४,४५,०५० को बील, भरपाई लगायत प्रमाण पेश गरेकोले नपुग बील भरपाई रु. ९१,९०० बील भरपाईको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. | ९१,९०० |
| ५२ | | | **घर निर्माण अनुदानः**<br>नगरपालिकाले मिति २०७८/०६/३१ देखि २०७८/०७/०२ गते राति सम्म भएको अविरल वर्षाका कारण जनसमुदायको भौतिक तथा अन्य क्षेत्रमा ठुलो क्षति भएको हुनाले प्रभावित क्षेत्रहरुको अनुगमन तथा मुल्याङ्कन गरि उचित राहतको व्यवस्थापन गर्न नगर प्रमुखको संयोकत्वमा ५ सदस्यिय अनुगमन समिति गठन गरि वर्षाबाट सृजित विपदको उचित व्यवस्थापन गर्न विपदको प्रकृतिलाई मध्यनजर गरि पुर्णरुपमा घरवार क्षति भएका परिवारलाई घर निर्माणका लागि प्रति घर रु १५००००/- दिने निर्णय गरी ३ जनालाई कुल रु ४४९०००/- भुक्तानी गरेको पाईयो । कार्यालयले कार्यपालिका निर्णय अनुसार विपदको उचित अनुगमन तथा मुल्याङ्कन गरी वास्तविक पिडितको पहिचान गरे नगरेको एकिन हुन सकिएन ।वास्तविक पिडितको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश नभएको हुँदा सो सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्ने रु | ४४९,००० |
| ५३ | | | **पोल्ट्री अनुदानः**<br>पालिकाले यस आ.व. ०७८/७९ मा ११ वटा पोल्ट्रि फर्मलाई चल्ला र पोल्ट्रि सामाग्रि खरिद वापत रु ४३६०००/- अनुदान भुक्तानी गरेको पाईयो ।खरिद गरिएका चल्लाहरु कुन ग्रेडको हो तथा सम्बन्धित निकायबाट निरोगि प्रमाणित भएको प्रमाण बेगर खर्च लेखेकोले खर्चमा मित्वययिता,प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयको विशेय ध्यान पुर्याउनुपर्दछ । | |
| ५४ | ४४९ | २०७९-३-१४ | **भुक्तानीमा कर कट्टी**<br>***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ३५९७।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ५५ | | | अनुगमन तथा सम्परीक्षण | |

यस वर्ष पालिकाले रु. ३६८१६२००।०० फछ्यौंट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रु. ३६८१६२००।०० सम्परीक्षण गरिएको छ ।

| सि नं. | आ.व. | दफा | व्यहोरा | फछ्यौंटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | ७७।७८ | ५८ | साामाजिक सुरक्षाकोदोस्रो चौमासिक किस्ता भत्ता बितरणको लागी निम्न ब्यक्तीलाई दिएको पेश्की बाकी रू १. वकिल बहादुर धानुक रु २१७६८०० २. पदम सिह भण्डारी रू २६९८४०० ३. रामबहादरु बोहोरा रू ३५९३६०० ४. डम्मरदट्ट भट्ट रू३३८९६०० ५. परमान्नद पन्त रू४५७९४०० ६. नरसिह साउद रू ४१६४८०० ७. गणेशदत्त अवस्थी रू ३२६०८०० | नगरपालिका कार्यालयले भौचर न ४।२०७८।८।८ बाट पेश्की फ्रछयौट गरी सम्परीक्षणको लागी अनुरोध गरी लेखि आएको प्रमाणका आधारमा निम्न अनुसार सम्परिक्षण भएको १. वकिल बहादुर धानुक रु २१७६८०० २. पदम सिह भण्डारी रू २६९८४०० ३. रामबहादरु बोहोरा रू ३५९३६०० ४. डम्मरदट्ट भट्ट रू३३८९६०० ५. परमान्नद पन्त रू४५७९४०० ६. नरसिह साउद रू ४१६४८०० ७. गणेशदत्त अवस्थी रू ३२६०८०० ८. उत्तमबहादुर बिष्ट रू ४३९१२०० | ३५५८२४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ८. उत्तमबहादुर<br>बिष्ट रू<br>४३९१२००<br>९. चक्रबहादुर<br>डुङ्गाल रू<br>३३३१२००<br>१० .कर्ण बहादुर<br>बिष्ट रू<br>३९९७६००<br>जम्मा<br>३५५८२४००।०० | ९. चक्रबहादुर डुङ्गाल रू<br>३३३१२००<br>१० .कर्ण बहादुर बिष्ट रू<br>३९९७६००<br><br>जम्मा ३५५८२४००।०० | |
| २ | ७७।७८ | ५८ | देबिम बिल्डर्स<br>मोबिलाईजेशन<br>पेश्की बाँकी<br>२८०००० | भौंचर<br>८१।२०७९।३।२५<br>फ्रछयौट गरी सम्परिक्षणको<br>लागी अनुरोध भई आएको<br>प्रमाणका आधारमा<br>सम्परीक्षण गरिएको रू | २८००००।०० |
| ३ | ७७।७८ | १९ | शुरुपला निर्माण सेवा<br>धरौटी बाँकी<br>१०००० | भौंचर नं.<br>१७।२०८७।८।७ बाट<br>सदर स्याहा गरी प्रमाण पेश<br>गरेको आत्धारमा<br>सम्परिक्षण गरिएको । | १००००।०० |
| ४ | ७७।७८ | ५८ | श्री जे एण्ड जे<br>निर्माण सेवा<br>मोबिलाईजरेशन<br>पेश्की ३९५००० | भौंचर<br>४८९।२०७९।३।२५<br>फ्रछयौट गरी सम्परिक्षणको<br>लागी अनुरोध भई आएको<br>प्रमाणका आधारमा<br>सम्परीक्षण गरिएको रू | ३९५०००।०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | ७७।७८ | ५८ | श्री नबिन निर्माण सेवा मोबिलाईजरेशन पेश्की ५४८८०० | भौंचर ८१।२०७९।३।२५ फ्रछयौट गरी सम्परिक्षणको लागि अनुरोध भई आएको प्रमाणका आधारमा सम्परीक्षण गरिएको रू | ५४८८०० | |
| | | | | | | | जम्मा | ३,६८,१६,२००।०० | |